परिषद्को मिति २०७७।१०।१५ को निर्णय अनुसार स्वीकृत मिति२०७९।११।....

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स्थगन, परिर्वतन,समायोजन, हस्तान्तरण र सम्बन्धन रद्ध सम्बन्धी कार्यविधि-२०७९

सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स्थगन, परिर्वतन,समायोजन, हस्तान्तरण र सम्बन्धन रद्ध सम्बन्धी कार्यविधि -२०७९

सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा  कार्यक्रम संचालन निर्देशिका २०७२ को दफा ३ (४) को उपदफा (ङ),(ट)र(ठ) समेत का उद्देश्य प्राप्तिका लागि परिषदको मिति २०७७।१०।१५ मा बसेको वैठकको निर्णय नम्बर १०८८ बमोजिम प्राप्त अख्तियार प्रयोग गरी परिषद् कार्यालयले यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम " सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स्थगन, परिर्वतन,समायोजन, हस्तान्तरण र सम्बन्धन रद्ध सम्बन्धी कार्यविधि -२०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन"  भन्नाले प्राविधिक शिक्षा तथाा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम परिर्वतन" भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालन गरेका विद्यालयहरुले साविकको शैक्षिक कार्यक्रम वन्द गरी सो को सट्टामा अर्को कार्यक्रम संचालन गर्न परिषद्बाट स्वीकृती प्राप्त गरेको सम्झनु पर्छ ।

(ग) "कार्यक्रम हस्तान्तरण र समायोजन" भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमको सम्बन्धन स्वीकृति लिई विविध कारणले कार्यक्रम संचालन गर्न नसकी अर्को सामुदायिक विद्यालयमा कार्यक्रम संचालनको लागि लिने दिने प्रकृयालाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम स्थगन" भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालन गरेका विद्यालयहरुले केही शैक्षिक सत्रका लागि कार्यक्रम संचालन नगरेको अवस्थालाई सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम संयोजक"भन्नाले विद्यालय व्यवस्थापन समितिले सम्बन्धन प्राप्त टेक्स कार्यक्रमको संयोजक भनी तोकिएको प्राविधिक प्रशिक्षकलाई सम्झनु पर्छ ।

(च) “केन्द्रिय समन्वय समिति” भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम संचालन निर्देशिका २०७२ को दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(छ) ) “तोकिएको”वा “तोकिए बमोजिम” भन्नाले परिषद् ऐन अन्तर्गत बनेका नियम, विनियम वा निर्देशिका तथा कार्यविधिहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) “निर्देशन” भन्नाले विद्यालयको सम्बन्धन स्वीकृति पत्रमा उल्लेखित शर्त तथा परिषद् कार्यालयले समय समयमा गरेको निर्णय बमोजिम दिइएको निर्देशन समेतलाई सम्झनु पर्छ ।

(झ) “निर्देशिका” भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम संचालन निर्देशिका, २०७२- सम्झनु पर्छ ।

(ञ) “नियमावली” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ सम्झनुपर्छ ।

(ट) “परिषद् ” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ को दफा ३ बमोजिम गठित परिषद्लाई सम्झनु पर्छ ।

(ठ)“परिषद् कार्यालय”भन्नाले परिषद्को संघीय कार्यालय तथा प्रदेश कार्यालय समेतलाई सम्झनु पर्छ ।

(ड) “प्रधानाध्यापक” भन्नाले सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(ढ) “प्रशिक्षक” भन्नाले विद्यालयको टेक्स कार्यक्रमको शिक्षण, प्रशिक्षण कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(ण) “विद्यालय” भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम संचालन गर्ने सामुदायिक विद्यालयलाई सम्झनु पर्छ । जसलाई छोटकरीमा टेक्स कार्यक्रम भनिन्छ ।

(त) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ । सो शब्दले उपमहानगर पालिका र महानगर पालिका समेतलाई जनाउँदछ ।

(थ) “सम्बन्धन कार्यविधि २०७८”भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सम्बन्धन कार्यविधि २०७८ सम्झनु पर्छ ।

(द) “सम्बन्धन रद्ध” भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमको सम्बन्धन स्थायी रुपमा बन्द गरिएको अबस्थालाई सम्झनु पर्छ ।

(ध) “सम्बन्धन सिफारिस समिति” भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सम्बन्धन कार्यविधि २०७८ को दफा ५ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

३. टेक्स विद्यालयको स्थापना: नेपाल सरकारबाट संचालित सामुदायिक विद्यालयले परिषद्ले निर्धारण गरेको जनशक्ति, प्रयोगात्मक अभ्यास गर्ने सुनिश्चितता र पूर्वाधार तयारी गरी प्राविधिक शिक्षा संचालन गर्न प्रस्ताव पेस गरेमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सम्बन्धन कार्यविधि २०७८ बमोजिम प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गर्न परिषद्ले सम्बन्धन, स्वीकृति प्रदान गर्न सकिनेछ ।

## परिच्छेद -२

कार्यक्रम स्थगन,परिर्वतन,समायोजन, हस्तान्तरण र सम्बन्धन रद्ध

४. कार्यक्रम स्थगन: (१) सम्बन्धन प्राप्त विद्यालयले विविध कारणले कार्यक्रम स्थगनको माग गरेमा अथवा कार्यक्रम सञ्चालन गर्न नसक्ने देखिएमा समय तोकी परिषद् कार्यालयले स्थगन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम स्थगन गर्न चाहने टेक्स विद्यालयले शैक्षिक सत्र सुरु हुन भन्दा तीन महिना अगाडि नै परिषद्को सम्बन्धित प्रदेश कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३). कार्यक्रम स्थगन भएका टेक्स विद्यालयका जिम्मेवारीहरु देहाय बमोजिम हुनेछ: (क) कार्यक्रम संचालन भइसकेकाको हकमा अघिल्लो शैक्षिक सत्रहरुमा भर्ना भई अध्ययनरत प्रशिक्षार्थीहरुको शिक्षण प्रशिक्षण नियमित गर्नुपर्नेछ ।

(ख) अध्ययनरत प्रशिक्षार्थीहको नियमित र आंशिक परीक्षाहरु संचालन गर्ने ।

(ग) अध्ययन पुरा गरेका तर उर्त्तिण भइनसकेका प्रशिक्षार्थीहरुको आंशिक परीक्षाको सम्पूर्ण कार्य गर्ने

(घ) प्रशिक्षार्थीको अभिलेख अध्यावधिक गर्ने ।

(च) उर्त्तिण प्रशिक्षार्थीहरुको चारित्रिक प्रमाणपत्र उपलब्ध गराउने ।

(छ) शैक्षिक प्रमाणपत्रको अभिलेख अनुसार प्रमाणीकरण गर्ने ।

५.कार्यक्रम परिवर्तन: (१) परिषद्बाट सम्बन्धन स्वीकृति प्राप्त गरी कार्यक्रम संचालन गरिरहेका विद्यालयले कुनै कार्यक्रममा विद्यार्थीको कमी वा अन्य कुनै कारणबाट कार्यक्रम संचालन हुन नसक्ने अबस्था सिर्जना भएमा सम्वन्धित संकायको अर्को कार्यक्रम संचालन गर्नका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय र स्थानिय तहको सिफारिस सहित सम्बन्धित परिषद् प्रदेश कार्यालयमा निवेदन दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएका सामुदायिक विद्यालयको कार्यक्रम परिवर्तन गरी सोही संकायको नयाँ कार्यक्रमको सम्बन्धन, स्वीकृति दिनु पूर्व माग गरिएको कार्यक्रमको संभाव्यता अध्ययन तथा पूर्वाधार निरीक्षण गर्दा उपयुक्त देखिन आएमा सम्बन्धित प्रदेश कार्यालयले परिषद् केन्द्रिय कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भइ आएका कार्यक्रमहरु सम्बन्धन कार्यविधि २०७८ को दफा ५ बमोजिमको सम्बन्धन सिफारिस समितिले कार्यक्रम परिवर्तन गर्न सहमति दिन सक्नेछ ।

६.कार्यक्रम समायोजनः (१) सरकारले अति दुर्गम भनि तोकेका स्थानहरुमा परिषद् कार्यालयहरुबाट निर्धारित भर्ना कोटामा लगातार तीन बर्ष देखि २५ प्रतिशत भन्दा कम विद्यार्थी भर्ना भएमा र अति दुर्गम भन्दा बाहेकका अन्य स्थानमा ५० प्रतिशत भन्दा कम विद्यार्थी भर्ना भएमा त्यस प्रकारका विद्यालयहरुलाई दुवै विद्यालय व्यवस्थापन समितिको निर्णय र स्थानिय तहको सिफारिस भइ आएमा अर्को सोही कार्यक्रम संचालन भएको विद्यालयमा परिषद् कार्यालयले समायोजन गर्न सक्नेछ । लिने दिने विद्यालयको स्थानीय तह फरक भएमा दुवै स्थानीय तहको समायोजन सिफारिस पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा तोकिए भन्दा कम प्रतिशतमा विद्यार्थी भर्ना भएका विद्यालयलाई परिषद् कार्यालयले कुनै प्रकारको आर्थिक सहायता उपलब्ध गराउने छैन ।

(३) उपदफा (१) बमोजिम समायोजन प्रकृयामा जाने सामुदायिक विद्यालयमा भर्ना कोटा मध्ये २५ प्रतिशत भन्दा कम विद्यार्थी भर्ना भएका भए उक्त विद्यार्थीहरुलाई दुवै विद्यालयहरुको सहमति र परिषद् प्रदेश कार्यालयको सिफारिस बमोजिम सोही प्रदेशको अन्य विद्यालयहरुमा परीक्षा नियन्त्रण कार्यालयले समायोजन गर्न सक्नेछ । २५ प्रतिशत भन्दा बढी विद्यार्थी भर्ना भएको भए सोही विद्यालयले उक्त विद्यार्थीहरुको बाँकी अध्ययन अवधि पुरा गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम कार्यक्रम समायोजन भएको विद्यालयको सम्बन्धित कार्यक्रमका औजार उपकरण समायोजन भइजाने विद्यालयलाई विधिवत हस्तान्तरण गर्नुपर्नेछ ।

७. दुई पक्ष वीचको सहमतीमा कार्यक्रम हस्तान्तरणः (१) विद्यालयले सम्बन्धन लिएको कार्यक्रम संचालन गर्न नचाहेमा वा सामुदायिक विद्यालयले सो कार्यक्रम संचालन गर्न चाहेमा सो कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि पाएको चल सम्पति र मेसिन औजार उपकरणहरुको विवरण सहित हस्तान्तरण गर्न र कार्यक्रम सञ्चालन गर्न इच्छुक दुवै विद्यालयले निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गर्दा लिने दिने दुवै विद्यालयले आ-आफ्नो विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी सम्बन्धित स्थानीय तहको सिफारिस समावेश गरी सम्बन्धित प्रदेश कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३)उपदफा (२) बमोजिम स्वामित्व हस्तान्तरण गर्न सम्बन्धित प्रदेश कार्यालयबाट स्थलगत अध्ययन र पूर्वाधार निरीक्षण गरी सिफारिस भई आएमा सम्बन्धन सिफारिस समितिले निर्णय गर्नेछ । सो को जानकारी परिषद् कार्यालयले परीक्षा नियन्त्रण कार्यालय र सम्बन्धित प्रदेश कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्यक्रम हस्तान्तरणको निर्णय भएको जानकारी पछि परीक्षा नियन्त्रण कार्यालयले स्वामित्व लिने संस्थाको नामबाट आउने शैक्षिक सत्रबाट विद्यार्थी भर्नाको लागि विज्ञापन गनुपर्नेछ

(५) कार्यक्रम हस्तान्तरण भएको जानकारी परिषद् कार्यालय र प्रदेश कार्यालयको वेभसाइट मार्फत सरोकारवालालाई जानकारी गराउनु पर्नेछ ।

८.सम्बन्धन रद्ध : (१) सम्बन्धन प्राप्त विद्यालयले तोकिएको मापदण्डहरु पुरा गर्न नसकेमा वा परिषद्को ऐन, नियम, विनियम, निर्देशिका विपरित कार्य वा शैक्षिक उद्देश्य प्रतिकूल हुनेगरी कार्य गरे गराएको पाइएमा वा झुठो विवरण पेश गरेमा वा लगातार तीन शैक्षिक सत्र सम्म पनि कार्यक्रम संचालन नगरेमा त्यस्तो विद्यालयले प्राप्त गरेको सम्बन्धन रद्ध गरिनेछ ।

(२) सम्बन्धन प्राप्त गरेको विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय र स्थानीय तहको सिफारिसमा सम्बन्धन रद्धको लागि निवेदन दिएमा त्यस विद्यालयले प्राप्त गरेको सम्बन्धन रद्ध गरिनेछ ।

९. सम्बन्धन रद्ध गर्ने प्रकृया : (१) दफा ८ बमोजिम सम्बन्धन रद्ध हुने भएमा परिषद् कार्यालयले सम्बन्धित विद्यालयलाई निश्चित अवधि तोकी स्पष्टीकरण पेश गर्ने अवसर प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित विद्यालयबाट स्पष्टीकरण पेश भए पछि वा स्पष्टीकरणको म्याद समाप्त भएपछि परिषद् प्रदेश कार्यालयको सिफारिसमा परिषद् कार्यालयले आवश्यक कारवाही गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विद्यालयको स्पष्टीकरण र प्रदेश कार्यालयको सिफारिसका आधारमा परिषद्ले सम्बन्धन रद्ध गर्न सक्नेछ ।

१०. सम्बन्धन रद्धको सूचना: परिषद्को निर्णयबाट कुनै विद्यालयको सम्बन्धन रद्ध गर्ने निर्णय भएमा सो को जानकारी परिषद् कार्यालयले सम्बन्धित विद्यालयलाई निर्णय भएको मितिले ३० दिन भित्र दिनु पर्नेछ ।

११. सम्बन्धन रद्ध भएमा अध्ययन पुरा गराउने दायित्य : (१) सम्बन्धन रद्ध भएमा सम्बन्धित विद्यालयले नयाँ विद्यार्थी भर्ना गर्न पाउने छैन । तर भर्ना भइ अध्ययनरत विद्यार्थीको हकमा सो तह पुरा गर्न लाग्ने बाँकी अवधिसम्म अध्ययन पुरा गर्नुपर्ने दायित्य सम्बन्धित विद्यालयको नै हुनेछ ।

(२) परिषद् कार्यालयले आवश्यक देखेमा उपदफा (१) बमोजिम सम्बन्धन रद्ध भएको विद्यालयमा अध्ययनरत विद्यार्थीलाई अन्य कुनै विद्यालय मार्फत बाँकी अबधिको अध्ययन पुरा गराउने गरी आवश्यक निर्णय गर्न सक्नेछ ।

(३) सम्बन्धन रद्ध भएका विद्यालयले परिषद् कार्यालयको स्रोतबाट प्राप्त मेसिन, औजार तथा उपकरणहरु लगायतका सामग्रीहरु परिषद् कार्यालयले तोकेको विद्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ ।

१२. कार्यक्रम स्थगन, परिर्वतन, समायोजन, हस्तान्तरण तथा सम्बन्धन रद्ध भएका टेक्स विद्यालयहरुमा कार्यरत जनशक्तिका सम्बन्धमा परिषद् कार्यालयले कुनैपनि दायित्व लिने छैन ।

१३.कार्यक्रम स्थगन, परिर्वतन, समायोजन, हस्तान्तरण तथा सम्बन्धन रद्ध भएका टेक्स विद्यालयको अभिलेख व्यवस्थापन तथा परीक्षा सम्बन्धी कार्य: (१) नियमानुसार हस्तान्तरण वा समायोजन भएका विद्यालयको

हस्तान्तरण हुनुभन्दा अघिका परीक्षा सम्बन्धी अभिलेख र विवरणहरु साविक विद्यालयले अध्याबधिक गरी राख्नुपर्नेछ ।

(२) नियमित तथा आंशिक प्रशिक्षार्थीहरुलाई परीक्षा सम्बन्धी सम्पूर्ण कार्यहरु साविक विद्यालयले नै गर्नुपर्नेछ ।

(३) साविक विद्यालयका प्रशिक्षार्थीहरुलाई चारित्रिक प्रमाणपत्र लगायतका अन्य आवश्यक प्रमाणपत्रहरु सोही विद्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(४) साविक विद्यालयले आफ्नो प्राविधिक शिक्षा कार्यक्रमको अभिलेखलाई व्यवस्थित गरी राख्नुपर्नेछ ।

## परिच्छेद -३

### विविध

१४. परिषद्को कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख नभएका कुराहरु परिषद्को प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. बाधा अड्काउ फुकाउनेः यस कार्यविधिवमोजिम कार्यगर्दा कुनै बाधा अड्काउ पर्न गएमा उक्त बाधा अड्काउ फुकाउने अधिकार परिषद कार्यालयलाई हुनेछ ।

अनुसूची -१

सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स्थगन, परिर्वतन, समायोजन, हस्तान्तरण र सम्बन्धन रद्धको फारम

विद्यालयको नाम :..................................................................................................

जिल्ला : ............................................... गा.पा. ⁄ न.पा.को नामः ......................................................

वडा नं. ................ टोलः ...........................................................................

विद्यालयको टेलिफोन नं. ..................................... ईमेल ...........................................................................

१. परिषद्बाट सम्बन्धन प्राप्त कार्यकमहरुको नामः

| क्र. स. | प्रि-डिप्लोमा तहका कार्यक्रमहरु | क्र. स. | डिप्लोमा तहका कार्यक्रमहरु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

२. प्रि-डिप्लोमा तह को कार्यक्रममा प्रशिक्षार्थीहरुको प्राप्त आवेदन,⁄भर्ना⁄उत्पादन ( विगत तीन वर्ष देखी)

| सि.न. | कार्यक्रमको नाम | .........शैक्षिक सत्र | आवेदक संख्या | भर्ना संख्या | उत्पादन संख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

३. डिप्लोमा तह को कार्यक्रममा प्रशिक्षार्थीहरुको प्राप्त आवेदन,⁄भर्ना⁄उत्पादन ( विगत तीन वर्ष देखी)

| सि.न. | कार्यक्रमको नाम | .........शैक्षिक सत्र | आवेदक संख्या | भर्ना संख्या | उत्पादन संख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

### ४.टेक्सको कार्यक्रम संचालन खर्च

| **विगत तीन वर्ष देखी** | ...........आ.व. | .........आ.व. | ..........आ.व |
|---|---|---|---|
| क. प्रशिक्षण तर्फको खर्चः ( कोर्ष कोअर्डिनेटर, प्रशिक्षक,सहायक प्रशिक्षक) | रु. | रु. | रु. |
| ख. प्रशासनिक खर्च :( प्रधानाध्यपक, प्रशासन,लेखा र कार्यालय सहयोगीहरुको एकमुष्ठ भत्ता) | रु. | रु. | रु. |
| ग. प्रशिक्षण सामाग्री खर्च | रु. | रु. | रु. |
| घ. परीक्षा संचालन खर्च (आन्तरिक र बाह्य परीक्षा) | रु. | रु. | रु. |
| ङ. विविध खर्च : | रु. | रु. | रु. |
| **जम्मा रु.** | रु. | रु. | रु. |

### ५.टेक्स विद्यालयको आम्दानी

| **विगत तीन वर्ष देखी** | ...........आ.व. | .........आ.व. | ..........आ.व. |
|---|---|---|---|
| क. परिषद्बाट प्राप्त अनुदान | रु. | रु. | रु. |
| ख. प्रशिक्षार्थीहरुबाट प्राप्त शुल्कहरु | रु. | रु. | रु. |
| ग. गा.पा./न.पा. बाट प्राप्त अनुदान | रु. | रु. | रु. |
| घ. गैर सरकारी संघ संस्था तथा व्यक्ति विषेशबाट प्राप्त सहयोग | रु. | रु. | रु. |
| ङ. अन्य विविध श्रोतबाट प्राप्त रकम | रु. | रु. | रु. |
| **जम्मा रु.** | रु. | रु. | रु. |

**६.स्थगन, परिर्वतन, समायोजन, हस्तान्तरण तथा सम्बन्धन रद्ध गर्नुपर्ने कारण**

क.

ख.

ग.

**७.स्थगन, परिर्वतन, समायोजन, हस्तान्तरण तथा सम्बन्धन रद्धगर्ने सम्बन्धमा**

क. प्रधानाअध्यापकका धारणा
..............................................................................................................................................................
..............................................................................................................................................................
..................................................

८. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी :

९. स्थानिय तह गा.पा./न.पा.को सहमती पत्रको प्रतिलिपी :